गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
घटमुना, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८३।८४
च.न. : १५१

मितिः२०८३।०५।१५

विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने/भराउने सम्बन्धमा।

श्री कक्षा ५ र कक्षा ८ सञ्चालित सामुदायिक विद्यालयहरु सबै।
गौमुल गाउँपालिका,बाजुरा।

प्रस्तुत विषयमा शिक्षा विभाग,सानोठिमी भक्तपुरको च नं १० मिति २०८३।०३।०४ गतेको प्राप्त पत्रानुसार आगामी शैक्षिक सत्र २०८४ मा सामुदायिक विद्यालय तर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड,२०८० को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम चालु शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुबाट यसै साथ संलग्न रहेको अनुसूचि १ अनुसारको Proxy Mean Testing (PMT) फारम सम्बन्धित विद्यालयमार्फत मिति २०८३ असोज १६ गते भित्र देहायबमोजिम भर्ने/ भराउने व्यवस्था गर्नु/ गराउनु हुन अनुरोध छ।

भक्त बहादुर रोकाया
अधिकृत (शिक्षा)
शिक्षा शाखा प्रमुख

तपसिलः

१. विद्यालयले https://emis.cehrd.gov.np मा आफ्नो विद्यालयको युजर आइडी र पासवर्ड प्रयोग गरी IEMIS लगइन गर्ने र PMT फाराम डाउनलोड गर्ने।

२. उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फारम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउने।

३.सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु/सूचकहरु सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराइ प्रधानाध्यापक समक्ष पेश गर्नु पर्नेछ।

४. सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेश भएको फाराम प्रधानाध्यापकले रुजु र सहिछाप गरी सम्बन्धित वडा कार्यालयमा प्रमाणिकरणका लागि पेश गर्नु पर्नेछ।

५.विद्यालयले माथि उल्लिखित प्रक्रियाहरु पुरा गरि विद्यालयमा प्राप्त भएका PMT फारामहरु IEMIS मा लग इन गरी सम्पुर्ण सूचकहरु भर्नु/भराउनु पर्नेछ।

IEMIS मा PMT फाराम प्रविष्ट गर्नका लागिः

क) https://emis.cehrd.gov.np मा लग इन गरी Dashboard मा रहेको PMT मेनुमा क्लिक गर्ने।

ख) Year मा २०८३, Class मा ५ वा ८ छानेर Load मा क्लिक गर्ने।

ग) PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action Button मा क्लिक गरे पश्चात PMT फाराम खुल्छ। त्यहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरणहरु हुबहु भर्नु पर्नेछ।

घ) PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम र सोको अभिलेख विद्यालयले सुरक्षित राखेनु पर्नेछ।

बोधार्थः

श्रीमान् गाउँपालिका अध्यक्षज्यूःजानकारीका लागि सादर अनुरोध।
श्रीमान् गाउँपालिका उपाध्यक्षज्यूः जानकारीका लागि सादर अनुरोध।
श्री सञ्चार तथा सूचना प्रविधि शाखाः सूचना कार्यालयको वेवसाइटमा अपलोड गर्नु हुन।


*Website:- www.gaumulmun.gov.np, Email Address:- ito.gaumulmun@gmail.com, info@gaumulmun.gov.np*